annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १९५ पृष्ठ १० | काठमाडौं, बुधवार ५ मंसिर २०८१ | मार्ग कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४५ | WEDENSDAY, NOVEMBER 20, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# नियमनमा चुके तीन तहकै सरकार

## सहकारीमा चल्यो सञ्चालकको रजाइ







सहकारी ऐनको दफा १५० ले तीनै तहका सरकारलाई सहकारी नियमनको अधिकार तोकेको छ । एउटा मात्र पालिकामा कार्यक्षेत्र भए सोही पालिका, अन्तरपालिका कार्यक्षेत्र भए प्रदेश सरकार र अन्तर प्रदेश कार्यक्षेत्र भएमा संघ सरकारले नियमन गर्ने प्रष्ट कानुनी व्यवस्था छ । तर, तीनै तहका सरकारले नियमन नगर्दा 'सहकारी क्षेत्रमा बेथिति बढे, मनपरितन्त्र मौलायो, सहकारी नै ध्वस्त भए ।' त्यसैकारण सर्वसाधारणको अर्बौंको बचत जोखिममा छ ।

> १५०. <u>अन्तरिम व्यवस्था</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहको कानून नबनेसम्म स्थानीय तहसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहभन्दा बढी प्रदेशसम्मको कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू प्रदेश सरकारले गाउँ वा नगर सभा वा प्रदेश सभाद्वारा निर्णय गरी यसै ऐन बमोजिम सम्पादन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

**केशरराज क्षेत्री** | *बुटवल*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

# राजनीतिक महत्त्वकांक्षाले रन्थनिएका प्रसाईं



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

दुर्गा प्रसाईं, पेसाले मेडिकल व्यवसायी। तर, चर्चामा आउन अनेक 'हत्कण्डा' गरिरहन्छन्। झापाको साविक शनिश्चरे ७ का बासिन्दा प्रसाईं भक्तपुरको मध्यपुरथिमि नगरपालिका ६ निकोशेराका बासिन्दा हुन्। बिएण्डसी मेडिकल कलेज बिर्तामोड झापाका सञ्चालक हुन। राजनीतिक महत्वकांक्षाले उनलाई कांग्रेस, माओवादी, एमाले हुँदै 'राजावादी' सम्म बनायो। राजनीतिक महत्वकांक्षाले अनेक हत्कण्डा अपनाउन थाले, अनि थुनामा पुगे।

झापाको सामान्य परिवारमा जन्मिएका प्रसाईं सुरुमा कांग्रेससँग नजिक थिए। जुन बेला मुलुकमा माओवादीको जगजगी भयो, उनी माओवादीमा लागे । उनको ससुराली खलक गिरीहरूको झापामा अथाह सम्पत्ति थियो। त्यो सम्पत्ति हडप्न त्यस बेला उनी माओवादी बनेको 'आरोप' लागेको थियो।

संकटकालमा उनलाई नेपाली सेनाले पक्राउ गर्‍यो। माओवादीको नाममा हिरासतसम्म पुगे। सशस्त्र द्वन्द्व हुँदै शान्ति प्रक्रियापछि पनि उनी माओवादीमै रहे। माओवादीबाट 'लिनसक्ने' सबै राजनीतिक फाइदा उठाए। माओवादी हुँदासम्म उनी प्रचण्डको वरिपरि नै रहे। प्रचण्डलाई 'बा' भनेर सम्बोधन गर्थे।

०७४ को निर्वाचन लगत्तै प्रसाईंले भक्तपुरस्थित आफ्नो निवासमा एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को राजनीतिक बैठक गराए। ओली र प्रचण्डले उनको निवासमा 'मार्सी चामलको भात खाँदै' गरेको तस्बिर व्यापक चर्चामा आयो। त्यसपछि प्रसाईंलाई 'मार्सी चामल' भनेर पनि चिन्न थालियो।

प्रसाईंको निवासमा ओली र प्रचण्डको भेटपछि एमाले र माओवादीबीच गठबन्धन भयो। ०७४ को चुनावमा गठबन्धन गरेर चुनावमा गए। झन्डै दुईतिहाइ पनि आयो। २०७५ जेठ ३ मा एमाले र माओवादी मिलेर नेकपा बन्यो। तर, त्यो धेरै टिकेन। ०७७ फागुन २३ मा सर्वोच्च अदालतको फैसलाले पार्टी भंग भयो। भंग भएपछि प्रसाईं एमालेमै बसे। प्रचण्डको सत्तोसराप गर्न थाले। एमालेको महाधिवेशनको सनिकट औपचारिक रूपमा २०७८ कात्तिक ७ मा प्रसाईं एमालेमा प्रवेश गरेका थिए।

०७८ मंसिरमा चितवनमा भएको १०औं महाधिवेशनबाट एमाले अध्यक्ष ओलीले उनलाई केन्द्रीय सदस्य बनाए। प्रसाईं एकाएक केन्द्रीय सदस्य बनेकोमा एमालेमा तीव्र आलोचना भयो। उद्योग, वाणिज्य तथा आपूर्ति विभागको उपप्रमुखको जिम्मेवारी पनि प्रसाईंलाई दिइयो। माओवादीका ५ लाख नेता कार्यकर्ता एमालेमा भित्र्याउने भन्दै अभियान नै चलाए। केही माओवादी कार्यकर्तालाई एमालेमा छिराए पनि। प्रसाईंले ओलीलाई 'हजुरबा' भनेर सम्बोधन गर्थे। ओलीसँग उनले सहज पहुँच स्थापित गरे। ओलीलाई भेट्न अन्य नेताले घन्टौ कुर्नुपर्थ्यो। तर, प्रसाईं बिना रोकटोक ओलीको सयनकक्षमै पहुँच राख्थे। ओली भेट्न जतिबेला पनि उनले सजिल्यै सक्थे। उनी प्रिय बने। यति निकट सम्बन्ध भएका कारण नै प्रसाईंलाई आफू सजिल्यै एमालेमा उम्मेदवार हुन पाउँछु भन्ने विश्वास थियो। तर, ०७९ को निर्वाचनमा एमालेबाट टिकट नपाएपछि रन्थनिए। बिएण्डसी मेडिकल कलेजलाई सम्बन्धन नदिएको कारण उनी बिच्किएका थिए। डा. गोबिन्द केसीको आन्दोलनका कारणले बिएण्डसी मेडिकल कलेजले लामो समय सम्बन्धन पाएन। हालै सर्वोच्च अदालत सम्बन्धन दिनु भनी फैसला गरेको छ। मेडिकल कलेजको सम्बन्धनको नजिकिएका प्रसाईं नेताहरूसँग उठबसका कारण राजनीतिक महत्वकांक्षा चुलियो। कांग्रेस माओवादी हुँदै एमालेसँग निकट भए। झापा क्षेत्र नम्बर ३ मा उनको नाम चर्चामा ल्याइएको थियो तर एमालेले त्यो सिट राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई छोडेपछि उनी टिकटबाट बञ्चित भए ।

» बाँकी पृष्ठ ६

## 'प्रधानमन्त्रीविरुद्ध नियोजित साइबर हमला'

**अजवी पौड्याल** | *काठमाडौं*

विवादास्पद छविका मेडिकल व्यवसायी दुर्गाप्रसाईं पक्राउ परेका छन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रवक्ता होविन्द्र बोगटीका अनुसार प्रधानमन्त्री केपी शर्मा ओलीको मानमर्दन हुने गरी झुठो र भ्रामक समाचार सम्प्रेषण गरेकाले प्रसाईंलाई पक्राउ गरिएको हो।

विवादास्पद मेडिकल व्यवसायी प्रसाईंले किर्ते कागजात देखाएर प्रधानमन्त्री ओलीमाथि गम्भीर आरोप लगाएका थिए। ओलीको कम्बोडियास्थित स्मार्ट एक्जिएटा टेलिकम कम्पनीमा लगानी रहेको भ्रम फिजाउँदै प्रसाईंले सोमबार केही कागजात सार्वजनिक गरेका थिए। प्रसाईंले सुनियोजित रूपमा नै नक्कली कागजात भेला गरेको र भ्रम फैलाउन सामाजीक सञ्जालमा सार्वजनिक गरेको प्रहरीको अनुमान छ। सीआईबी प्रमुख एआईजी दीपक थापाले प्रसाईंले सार्वजनिक गरेका सबै कागजात र विवरण झुटो रहेको बताए। उनी भन्छन्, कागजातका विषयमा प्रहरीले चेकजाँच गरिरहेको छ। प्रारम्भिक रिपोर्टअनुसार सबै कागजात किर्ते छन्। उनीमाथि किर्ते र विद्युतीय अपराध नियन्त्रण ऐनअन्तर्गतको कसुरमा अनुसन्धान भइरहेको छ। प्रसाईंले प्रधानमन्त्रीको हस्ताक्षर नै नक्कली बनाएको प्रहरीको आरोप छ।

प्रसाईंले प्रधानमन्त्रीसँग सुनियोजित साइबर हमला गरेको घटना भने यो पहिलो हैन। उनले यसअघि पनि पटक-पटक विभिन्न आरोप र लान्छना लगाउँदै पत्रकार सम्मेलन गर्ने, भाषण गर्ने र सामाजिक सञ्जालमार्फत भ्रम फैलाएका थिए। प्रसाईंको पृष्ठभूमि पनि विवादित नै देखिन्छ। उनी असोज ६ गते पनि पक्राउ परेका थिए। एक जना महिलाको चरित्रहत्या हुने गरी फेसबुकमा स्टाटस पोस्ट गरेपछि उनीविरुद्ध साइबर ब्युरोमा जाहेरी परेको थियो।

# अनुदानको 'बहुगुनी' धानमा भुस मात्रै

**पार्थ मण्डल** | *झापा*

भद्रपुर-४ का शक्तिमान मगरले घर छेउकै १८ कट्ठा जमिनमा धान रोपे। सरकारी अनुदानको 'बहुगुनी' र आफैंले किनेर ल्याएको 'रञ्जित' जातको धान हलक्कै बढ्यो। आफैंले बीउ किनेर रोपेको रञ्जित धान फल्यो। तर, अनुदानको बहुगुनी धानमा बाला त लागे, तर भुसमात्रै फल्यो। त्यसैकारण, अब के खाएर परिवार पाल्ने भन्ने चिन्तामा मगर छन्। 'एउटै खेतमा रोपेको बहुगुनी धानमा दाना छैन, रञ्जितमा बालाभरि दाना छ,' मगरले अन्नपूर्णकर्मीलाई धानखेती देखाउँदै भने, 'राज्यले गुणस्तरहीन बीउ बाँडेकाले कृषकको मेहनत, लगानी र परिश्रम खेर गयो। यसको क्षतिपूर्ति कसले दिने हो ? '

कृषि मन्त्रालयका विज्ञहरू धानमा 'रोग' लागेका कारण यस्तो भएको भन्दै पन्छिन् थालेका छन। तर, मन्त्रालयका विज्ञहरूले भन्ने गरे जस्तो धानको बालामा र बोटमा कुनै रोग लागेको छैन। 'धानको बोट राम्रो छ, तर दानामात्र नफलेको हो,' मगरले भने। कामै नलाग्ने बीउ खरिद गरेर किसानलाई बाँड्ने कर्मचारीमाथि छानबिन हुनुपर्ने उनको माग छ। दाना नभएको धानको बोट (पराल) काटेर खर्च गर्नुभन्दा खेतमै आगो लगाइदिने वा गाईवस्तुलाई खुवाउनुबाहेक अन्य विकल्प नभएको उनको आक्रोश छ। 'धान त बिग्रियो बिग्रियो, फेरि फलाउँदा फल्दैन। अब वर्षभरि के खाने ? राज्यले राहत वा क्षतिपूर्ति दिनुपर्‍यो', उनकी पत्नी डोल्मा तामाङ मगरले भनिन्।

त्यस्तै, फागुचोककी पञ्चवती लिम्बू पनि राज्यले दिएको बहुगुनी धान बीउका कारण निराश बनेकी छिन्। अघिल्ला वर्षमा रञ्जित धानको बीउ किनेर रोपाइँ गर्दै आइरहेकी थिइन्। यस वर्ष राज्यले दिएको धानको बीउ पूरै १० कट्ठा जमिनमा रोपेर पश्चाताप गरिरहेकी छिन्। 'धान नफलेर भुस फल्यो, अब वर्षभरि खाने होला ? ,' लिम्बूले भनिन्, 'अघिल्ला वर्षमा घरमा खानका लागि धान जोहो गरे उल्टै बेचिन्थ्यो पनि।'



धान नफलेपछि कृषिका कर्मचारी खेतमा पुगेर अध्ययन गरिसकेका छन। 'उहाँहरूको हेर्न काम हो, हेर्नुभयो, जानुभयो,' लिम्बूले भनिन, हामीले पो के गर्ने होला ? हामीलाई त राहत चाहिन्छ नि! ' खेतमा फलेको जस्तो देखिएको धान सुँगुरको चारो मात्र बनेको उनले बताइन्।

भद्रपुर कृषि शाखाबाट भद्रपुर-४ स्थित मिलनसार कृषि तथा पशुपालन कृषक समूहले ७ सय केजी बहुगुनी धानको बीउ ल्याएको समूहका सचिव सानबहादुर लिम्बूले बताए। बहुगुनी धानको बीउ समूहमा आबद्ध सम्पूर्ण कृषकलाई आवश्यकताअनुसार बाँडेको बताउँदै सचिव लिम्बूले भने, 'राज्यले दिएको बीउका कारण अहिले यहाँका सबै कृषक निराश छन्, कसैको खेतमा पनि बहुगुनी धान फलेन, बालामा धान नभई भुसमात्र फल्यो।' आफूले पनि १० कट्ठा जमिनमा यो धान रोप्दा खर्चमात्रै भएको उनले बताए। खेतमा धान नफलेपछि भद्रपुर नगर प्रमुख गणेश पोखरेललाई भेटेर किसानले समस्याको जानकारी गराइसकेको उनले बताए। 'नगरप्रमुख पोखरेलले कृषकको कुरा सुनेपश्चात् केही गर्न सकिन्छ कि भनेर आश्वासन दिनुभयो,' उनले भने।

» बाँकी पृष्ठ ६